स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



आर्ट हाउस र कमर्शियल दुवै धारका फिल्ममा आफ्नो उपस्थिति जनाएका अभिनेता महेश त्रिपाठी व्यावसायिक सफलताबाट भने बञ्चित भइरहेका छन् । उनको अभिनयको अक्सर चर्चा भए पनि फिल्मको सफलता महसुस गर्न पाएका छैनन् । अब उनलाई फिल्म 'खजुरे ब्रो'बाट ठूलो अपेक्षा देखिन्छ । यही बैशाख २८ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्ममा उनले धरानमा हुर्किएको पात्रको भूमिकामा अभिनय गरेका छन् ।

आजको विचार...



सन्तानलाई... (दुई पेजमा)

श्रीप्रसाद देवकोटा



एक समय समकालीन कलाकारहरुबीच फिल्ममा सहकार्यको 'ट्रेन्ड' थियो । शिव श्रेष्ठ, राजेश हमाल र भुवन केसी हुन् या निखिल उप्रेती र विराज भट्ट नै किन नहुन्, उनीहरुले एकसाथ फिल्ममा काम गरेका छन् । केही हदसम्म निर्देशक दिनेश र उतले फिल्म 'पूजार सार्की'बाट चिर्ने प्रयत्न गरेका छन् । यो फिल्ममा नयाँ पुस्ताका तीन 'स्टार'हरु आर्यन सिग्देल, प्रदीप खड्का र पल शाह मुख्य भूमिकामा छन् । उनीहरु एउटै फिल्ममा सहकार्य गर्न कसरी तयार भए भन्ने जिज्ञासा धेरैमा देखिन्छ ।

❏ वर्ष २९ ❏ अंक २७६ ❏ २०८१ वैशाख २४ गते सोमबार 6 May 2024, Monday ❏ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# तानसेन बसपार्क निर्माणमा ढिलाइ

## एक वर्षमा २५ प्रतिशत मात्र काम

**रामचन्द्र रायमाझी/संगीता आचार्य**

**पाल्पा,** वैशाख २३/जिल्लाको सदरमुकाम तानसेनमा बसपार्क निर्माणमा ढिलाइ भएको छ । बसपार्क निर्माणको जिम्मा पाएको स्वयम्भु–रेडअर्थ–हमाल जेभी कन्ट्रक्सनले विभिन्न वाहनामा निर्माण कार्यमा ढिलासुस्ती गरेको हो ।

निर्माण व्यवसायीले डिजाइन र निर्माण सामग्रीको काम गर्नमा धेरै समय लागेकाले निर्माणमा केही ढिलाई हुन गएको दावी गरेको छ । विगतका वर्षहरूमा बसपार्क निर्माण स्थलको पहिचान गर्न नसक्दा ठूलो धनराशि गुमाएको तानसेन नगर सरकारले तानसेनस्थित गुल्मी सडक खण्डको वनदेवी क्षेत्रमा १ सय १ रोपनी क्षेत्रफलमा प्रस्तावित गरी गत वर्ष निर्माणको ठेक्का सम्झौता गरेपछि निर्माण व्यवसायीले काम अगाडि बढाएको थियो । पहिलो चरणको काम २२ महिना अर्थात् ६ पुस २०८१ सम्म सक्ने गरी ७ बैशाख २०८० मा सम्झैता भए पनि एक वर्ष हुँदासम्म जम्मा २५ प्रतिशत मात्र काम भएको छ । सम्झौता अनुसार कम्पनीले अबको १० महिनामा पहिलो चरणको काम सक्नुपर्ने छ । तर कामको



गति हेर्दा भने समयमै नसकिने देखिन्छ । निर्माण कार्यको थालनीमा चासो देखाएको नगर सरकारले अहिले भने खासै चासो देखाएको छैन । नगर सरकारले निर्माण कार्यको नियमन र अनुगमनप्रति चासो नदेखाएका कारण पनि निर्माण व्यवसायीले निर्माणमा ढिलाइ गरेको हो । यस विषयमा नगर प्रमुख सन्तोषलाल श्रेष्ठसँग बुझ्न खोज्दा निर्माण कार्य भइरहेको तर विस्तृत जानकारी सम्बन्धित प्राविधिकसँग लिन भन्दै उम्किए । नगरपालिकाका इन्जिनियर राम प्रसाद श्रेष्ठले भने हालसम्म २५ प्रतिशत मात्र काम भएको बताए । उनले भने,'डिजाइन र निर्माणको काम एउटै कम्पनीले गर्ने भएकाले प्रारम्भिक चणमा केही ढिला हुन गएको हो ।' हालसम्म डिजाइन र निर्माण कार्यका लागि आवश्यक सामग्री बनाउने काम सकिएको निर्माण व्यवसायी रविन्द्र भुर्तेलले बताए । उनले भने 'पहिलो चरणको काम भएकाले धेरै समय डिजाइन र सामग्री बनाउनमै वित्यो, जसले गर्दा निर्माण कार्यमा केही ढिला हुन गएको हो ।' व्यवसायी भुर्तेलले अब कामले गति लिने बताए । उनका अनुसार अहिले प्यानल हाल्ने काम भइरहेको छ । ३ हजार ८ सय स्क्वायर प्यानल हाल्नुपर्नेमा हालसम्म ६ सय स्क्वायर प्यानल मात्र राखिएको भुर्तेलले बताए । २०७४ सालको स्थानीय निर्वाचनबाट निर्वाचित नगरपालिकाका तत्कालीन नगर प्रमुख अशोक कुमार शाहीले यो बसपार्क निर्माणको पहल थालेका थिए । यो प्रदेशको सबैभन्दा सुविधा सम्पन्न बसपार्क बन्ने छ । नगर विकास कोषको ऋण सहयोगमा निर्माण कार्य अगाडि बढेको हो । जसमा ३० प्रतिशत नगर सरकारको र ७० प्रतिशत कोषको ऋण सहयोगमा निर्माण कार्य अगाडि बढेको छ । कूल ४८ करोडको लागतमा बसपार्क निर्माण हुने छ । नगर सरकारले दुई चरणमा गरेर निर्माणको कार्य अगाडि बढाएको छ । जहाँ पहिलो चरणको काम २२ महिना भित्र सक्नुपर्ने छ । जसका लागि १८ करोड १३ लाख १८ हजार एक सय १३ रकम सम्झौता भएको छ । अत्याधुनिक प्रविधिद्वारा अहिले आर.इ.वाल जडानको काम भइरहेको निर्माण कम्पनीले जनाएको छ । यस आर.इ.वाल निर्माण गर्ने कार्य अत्यन्त कठिन छ । यो वाल रूपन्देहीको मणिग्रामामा निर्माण भएको हो। ५ वर्ष अगाडि वन मन्त्रालयबाट स्विकृत भएपछि त्यस क्षेत्रमा भएका सल्लाका रुखहरू कटान गर्ने काम भएको थियो । व्यवस्थित बसपार्कमा पेट्रोल पम्प अटोभिलेज सुपरमार्केटको समेत प्रस्तावित गरिएको छ । यो कार्य दोस्रो चरणमा पुरा हुनेछ । यो व्यवस्थित बसपार्क काठमाडौंको मोडलमा निर्माण हुन लागेको हो । यहाँ साना तथा ठूला सवारीसाधन पार्किङ गर्न सकिने टर्मिनल, सवारीसाधन निर्माण गर्ने ग्यारेज, यात्रुका लागि आवश्यक सहायता कक्ष, यातायात व्यवसायी कम्पनीका कार्यालय राख्ने योजना नगर सरकारको छ । तानसेनमा २०३२ सालमा निर्माण भएको बसपार्क साँघुरो भएका कारण हाल सवारीसाधन पार्किङ गर्न समस्या छ । पुरानो बसपार्कमा सवारीसाधन पार्किङ गर्न समस्या भएपछि तानसेनको टुँडिखेल, नारायणस्थान, विशालबजार लगायतका स्थानमा पार्किङ स्थल बनाइएको छ । सदियौंदेखि बसपार्क भन्ने विषय नगर सरकारका प्रतिनिधिलाई चुनौती सँगसँगै टाउको दुखाईको विषय नै थियो । स्थानीय र राजनैतिक दलका नेताहरुको आ-आफ्नो स्वार्थका कारण बसपार्क निर्माणका लागि स्थान छनोटमा कठिन भएको थियो । नगर सरकारले विगतमा स्थान छनोट गर्न नसक्दा पटक-पटक दातृ निकायबाट आएको रकम फिर्ता समेत भएको हो । तर अहिले निर्माण कार्य अगाडि बढे पनि अत्यन्त सुस्त गतिमा भएको छ । निर्माण कार्यको नगर सरकारले प्रभावकारी अनुगमन समेत गरेको छैन । जसका कारण निर्माण व्यवसायीले कामलाई तिव्रता दिन नसकेको स्थानीयको आरोप छ ।

## संक्षिप्त समाचार

### नेपालीको औसत आयु ७१.३ वर्ष

**काठमाडौं,** वैशाख २३/नेपालीको औसत बढेको छ । यस अघिको तुलनामा औसत आयु बढेको राष्ट्रिय तथ्यांक कार्यालयले जनाएको छ । कार्यालयका अनुसार नेपालीको औसत आयु बढेर ७१.३ वर्ष पुगेको हो ।

कार्यालयले १० वर्षअघिको तुलनामा अहिले नेपालको आर्थिक, सामाजिक, शैक्षिक, स्वास्थ्यलगायत अधिकांश सूचक सन्तोषजनक रहेको र औसत आयु बढेको जनाएको छ । राष्ट्रिय जनगणना २०७८ सँग सम्बन्धित 'जनसङ्ख्या साक्षरता' र 'जनसाङ्ख्कि सूचक' पुस्तक सार्वजनिक गर्दै तथ्यांक कार्यालयले उक्त तथ्य सार्वजनिक गरेको हो । यसैगरी, नेपालको वार्षिक जनंख्या वृद्धिदर यसअघि एक दशमलव ३५ प्रतिशत रहेकामा अहिले घटेर शून्य दशमलव ९२ प्रतिशतमा झरेको छ । कार्यालयका अनुसार अहिले सबैभन्दा बढी लुम्बिनी प्रदेशमा एक दशमलव २४ प्रतिशत र गण्डकी प्रदेशमा सबैभन्दा कम शून्य दशमलव २५ जनसंख्या वृद्धिदर रहेको छ । पछिल्लो जनगणनाअनुसार नेपालमा एकल परिवार ६० दशमलव एक प्रतिशत र संयुक्त परिवार ३९ दशमलव नौ प्रतिशत रहेको छ ।

## राजपत्र प्रकाशनमा देखिएका कमजोरी सुधार्न कर्मचारीलाई प्रशिक्षण



**किरण कौशल**

**पाल्पा,** वैशाख २३/ राजपत्र प्रकाशनका क्रममा देखिएका कमजोरीलाई सुधार गर्न पाल्पाका स्थानीय तहका कर्मचारीलाई क्षमता अभिवृद्धि सम्बन्धी प्रशिक्षण दिइएको छ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय लुम्बिनी प्रदेशको आयोजनामा जिल्लाका १० वटै स्थानीय तहका राजपत्र सम्पादन र प्रकाशन कार्यमा संलग्न कर्मचारीहरूलाई प्रशिक्षण दिइएको हो । प्रशिक्षणमा राजपत्र सम्पादन र प्रकाशन विधि, स्थानीय तहको कानून निर्माणका आधार र विचार गर्नुपर्ने विषयहरू, लिखित जवाफ तयारी विषय र राजपत्र सम्पादन र प्रकाशनमा स्थानीय तहमा देखिएका जटिलता जस्ता विषयहरुमा सहजिकरण गरिएको थियो । लुम्बिनी प्रदेश सभा सचिवालयका उपसचिव ईश्वरी प्रसाद आचार्य र आन्तरिक मामिला तथा कानून मन्त्रालय कानून मन्त्रालयका अधिकृत अस्मिता अर्यालले सहजिकरण गरेका छन् ।

...-बाँकी अन्तिम पेजमा


सन्तोष चलचित्र मन्दिरमा...




आजदेखि भव्यताका साथ प्रदर्शन हुँदैछ सुपरहिट नेपाली फिल्म जारी पछि दर्शकको प्रखाईमा रहेको चलचित्र **'मनसरा'** । साथै नेपाल अधिराज्यभर अपार सफलतापूर्वक चलिरहेको चलचित्र **'बोक्सीको घर'** पनि चलिरहेको छ । स-परिवारका साथ अवश्य पाल्नु भइ भरपुर मनोरञ्जन लिनुहोस् ।

**शो समय :**

**बोक्सीको घर :** पहिलो शो : ११:३० बजे

**मनसरा :** दोस्रो शो : २:३० बजे र तेश्रो सो साझ ५:३० बजे

(नयाँ डल्बी डिजिटल साउण्ड, न्यू प्रोजेक्टर र लक्जरी सिटमा)

टिकट बुकिङ्ग नं. : ९८४७३९८५५९


## 'शिक्षकमा राजनीतिक प्रभाव हावी हुँदा शैक्षिक अवस्था खस्कदो'



**पाल्पा,** वैशाख २३/नेपाल सरकारका सचिव डा. हरि प्रसाद लम्सालले शिक्षकमा राजनीतिक प्रभाव हावी हुँदा शैक्षिक अवस्था खस्कदो रहेको बताएका छन् । जिल्लाको रामपुरमा नगरभित्रका शिक्षकहरुलाई शैक्षिक सुधार सम्बन्धी एक दिने अभिमुखिकरण कार्यक्रमलाई सहजीकरण गर्दै सचिव लम्सालले यस्तो बताएका हुन् ।

उनले भने 'शिक्षकमा शिक्षा भन्दा पनि राजनीतिक प्रभाव हावी भएका कारण शैक्षिक अवस्था खस्कदौं अवस्थामा पुगेको हो ।' डा.लम्सालले विभिन्न भयका कारण शिक्षकहरु आफ्नो सुरक्षाका निम्ती कुनै न कुनै दल र संघ संगठनमा आवद्ध भएका कारण शिक्षा क्षेत्र प्रति नकारात्मक भाष्य सिर्जना भएको भन्दै यसलाई चिर्न आवश्यक रहेको औँल्याए । विद्यालय शिक्षा सुधारका लागि राजनीतिक बहस भन्दा पनि शैक्षिक बहस गर्नु पर्नेमा लम्सालले जोड दिए । उनले विद्यालयमा अध्यापन गराउने शिक्षकहरुलाई कुनै पनि कार्यकारी पद वा लाभको पदमा नबस्न आग्रह समेत गरे । उलम्साले भने 'सबै शिक्षकले आफ्नो पेशा प्रतिको धर्म पूर्ण रुपमा निभाउदै विद्यालयको सुधारका लागि शिक्षकहरु आफै लाग्नु पर्दछ ।' लम्सालले हरेक शिक्षकले बदलिंदो समयसँगै प्रविधिको प्रयोग र शिक्षण सिकाईको शैली फरक बनाउँदै लैजानु पर्नेमा जोड दिए । उनले नगरको शैक्षिक विकासका लागि हरेक विद्यालयको महत्व दिने खालका विषय सञ्चालन गर्नु पर्ने उल्लेख गर्दै सहकार्य, समन्वय र सहअस्तित्व कायम गरेर अगाडि बढ्न शिक्षकहरुलाई आग्रह गरे । विजयपुरमा भएको कार्यक्रममा रामपुर नगरपालिकाका नगर प्रमुख रमणबहादुर थापाले नगरपालिकाको शैक्षिक उन्नयनका लागि प्रतिवद्ध भएर कक्षा शिक्षण गर्नुपर्नेमा जोड दिए । उनले भौतिक विकासले मात्र नगरको विकासले पूर्णता नपाउने भन्दै मस्तिष्कको विकासका लागि विद्यालयमा प्रभावकारी शिक्षा प्रदान गर्नु पर्नेमा जोड दिए । 'भौतिक पूर्वाधारको विकास भए पनि जबसम्म सकारात्मक सोच सहितको मस्तिष्कको विकास हुँदैन तब सम्म नगरपालिकाको समग्र विकासले पूर्णता पाउँदैन' नगर प्रमुख थापाले भने । उनले मस्तिष्कको विकास शिक्षक बाहेक अरुले गर्न नसक्ने भन्दै नैतिकवान नागरिक बनाउनका लागि विद्यालय शिक्षालाई प्रभावकारी बनाउन आवश्यक रहेको उल्लेख गरे । कार्यक्रममा सामाजिक विकास समितिका संयोजक सिमादेवि थापाले हरेक विद्यालयको शैक्षिक गुणस्तरस्तरीय बनाउनका लागि शिक्षकको भूमिका महत्वपूर्ण रहने बताए । कार्यक्रममा विद्यालय सुधार र कार्य सम्पादन मूल्यांकखन सम्बन्धी सहजीकरण गरिएको थियो । दरैठाँटी माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मधु पंगेनीको अध्यक्षता, शिक्षा शाखाका प्राविधिक सहायक अनिता कुँवरको सञ्चालनमा कार्यक्रम भएको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## आगलागी पीडितको उद्धार र राहतमा गम्भीर बन

गर्मी मौसमसँगै आगलागीका घटनाहरु बढ्दै गएका छन् । हावाहुरी चल्ने र आगलागी हुने बेला हो । यो केही दिनयता देशभरका अधिकांश वन–जंगलमा नियन्त्रण गर्नै नसक्ने गरी डढेलो फैलिएको छ । डढेलोले वायुमण्डललाई प्रदुषित मात्र बनाएको छैन जनधनको क्षति समेत बनाएको छ । तर यसको नियन्त्रणका लागि संधदेखि स्थानीय सरकारसँग न त समन्वय छ, न बजेट नै । डढेलोले वन्यजन्तु, बोटविरुवा, वनस्पति, जडिबुटी र काठ–दाउरालगायतका जैविक तथा पर्यावरणीय क्षति बढ्दो छ । तर, पर्याप्त बजेट नभएको भन्दै डढेलो नियन्त्रण गर्न सरकारी तह र निकायबाट प्रभावकारी पहल भएको छैन । बाढी, पहिरोजस्ता विपदका बारेमा भन्दा जत्तिकै चासो र चिन्ता डढेलोका बारेमा नदेखिनु चिन्ताको विषय हो । यो विपदलाई राज्य र नागरिक दुवैले बेवास्ता गरेका छन् । डढेलोबाट नियन्त्रणका लागि पूर्वतयारी र रोकथामका प्रयास हुन सकेका छैन । यो अत्यन्त दुःखको कुरा हो ।

पछिल्लो उपलब्ध तथ्यांकअनुसार हालसम्म देशका विभिन्न स्थानमा आगलागीबाट १० जनाको मृत्यु भैसकेको छ भने सयौं घरगोठ जलेर नष्ट भएका छन् । घरगोठ नै नभएपछि अहिले सयौँ परिवार खुला आकाशमुनी बस्न बाध्य भएका छन् । धेरै त कमजोर आर्थिक हैसियतका नै छन् । आगलागी पीडितका निम्ति एकातिर खाने, बस्ने समस्या देखिँदै छ भने अर्कोतिर भएभरका लत्ताकपडा समेत आगोले खाइदिँदा त्यसको समेत चरम अभाव देखिन थालिसकेको छ । पीडितहरुलाई बस्नका लागिसमेत त्रिपाल उपलब्ध नभइरहेको व्यापक गुनासाहरु बाहिर आइरहेका छन् । पहिल्यै नै आगलागीबाट गत वर्षको भन्दा दोब्बरको क्षति भैसकेको स्थिति र अझ तापक्रममा समेत वृद्धि हुने क्रम जारी नै रहेको साथै हावाहुरीको जोखिमसमेत कायमै रहेको हुँदा अझै ठूलो क्षति हुन सक्ने खतरालाई नकार्न सकिँदैन । डढेलोबाट जोगिने हो भने त्यो जोखिमको पूर्वतयारी छिटै गर्नुपर्छ । डढेलोबाट बच्ने र बचाउने उपायको खोजी वा पूर्वतयारी गर्न ढिलाई गर्नु हुँदैन । यसर्थ सरकारले डढेलो नियन्त्रणका लागि आवश्यक योजना बनाउनुको साथै विपद्मा परेका नागरिकहरुका लागि राहत र उद्धारमा गम्भीर बन्न जरुरी छ ।

## Opinion @ Social Network

पछाडि फर्केर त्यो अतितलाई हेर्न मन छैन तर दुश्मनले डोब लगाई लगाई खनेको खाल्डो अवश्य पुर्ने छु ।
(अमर सिंहको फेसबुक स्टाटसबाट *https://www.facebook.com/gulmileamar.raj*)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सन्तानलाई संस्कार कि सम्पत्ति ?



श्रीप्रसाद देवकोटा

*मुलुकको नेतृत्व सम्हाल्नेदेखि लिएर डाक्टर, इन्जिनियर सम्म बनेका छन् । तर आफ्नै सन्तानलाई शिक्षा र संस्कार दिन नसकेको रहेछु । छिमेकीहरूको तडकभडकसँग प्रतिस्पर्धा गर्ने होडबाजीले एक्लो सन्तानलाई पुलिस चौकी पठायौं ।' छोराका स-साना कमजोरी र गल्तीहरू विगतदेखि नै ढाकछोप र प्रश्रय दिएका कारण सन्तानले गल्ती महसुस गर्ने कुनै समय नपाएको उनीहरूले अहिले आएर महसुस गरे। 'हामीले बाल्यकालमा भोगेको अभावको छायाँ उसमा पर्न दिएनौं । उसले सानो गल्ती गर्दा श्रीमतीले गाली गर्दा मैले बचाउने, मैले गाली गर्दा श्रीमतीले बचाउँदाको प्रतिफल आज भोग्नुपर्‍यो।'*

छिमेकी घरमा ठूलो भीड थियो । घटना बुझ्न म पनि पुगें । बाबु-छोराको झगडा रहेछ । कक्षा ९ मा अध्ययनरत रहँदा बाबुले छोरालाई एसईई सकेपछि मोटरसाइकल किनिदिने वाचा गरेका रहेछन् । परीक्षा सकिसकेपछि छोराले बाबुको उक्त वाचा पटक-पटक सम्झाएको रहेछ । तर मोटरसाइकल नकिनिदिएपछि सामान्य भनाभनमा छोराले गेटमा रहेको इँटाले बाबुलाई प्रहार गरेको रहेछ । म पुग्दा छिमेकीहरू, रामप्रसाद र कविले छोरालाई समातिराखेका थिए । आमाले बाबुको दाहिने हातको हत्केलाको घाउ सफा गर्दै थिइन् । छोरो चिच्याउँदै थियो, 'मेरा साथीहरूको बाबा-मामुले जे जे भन्यो त्यही किन्दिनुहुन्छ । उनीहरूलाई 'फ्रिडम' र 'च्वाइस' छ । मलाई सानोमा होस्टल र अहिले घरमै थुनेर राख्ने ? समय, साथ र भनेको पुर्‍याउन नसक्नेले मलाई किन जन्माएको ? मलाई सानोमा किन नमारिदिएको ?' एकैछिनमा प्रहरीको भ्यान आइपुग्यो । बाबुले प्रहरीलाई सबै घटनाको विस्तार लगाए र छोरालाई केही दिन चौकीमा लगेर सजाय दिन लगाए । सन्तानको रूपमा रहेको एक्लो छोरालाई चौकी पठाएपछि उक्त दम्पती पछुताउन थाल्यो ।

आफ्ना सबै दुःखकष्ट लुकाएर छोराको कुनै पनि रहर र चाहना पूरा गरेको कारण आज यो घटना घटेको बताए । पेशाले श्रीमान् विश्वविद्यालयका सहप्राध्यापक र श्रीमती गैरसरकारी सस्थामा बालबालिका सम्बन्धी परियोजनाको संयोजक रहिछन् । बाबु भन्दैथिए, 'परिवार शिक्षित भए तापनि सन्तानलाई संस्कार दिन नसक्दा जुनसुकै समयमा पीडा र चोटले पिरोलिनुपर्ने रहेछ । उमेरले म ५५ पुगें । आजसम्म मैले करिब दश हजार विद्यार्थीलाई पढाएँ होला । मैले उत्पादन गरेका विद्यार्थीहरू आज कहाँकहाँ पुगेका छन् । मुलुकको नेतृत्व सम्हाल्नेदेखि लिएर डाक्टर, इन्जिनियरसम्म बनेका छन् । तर आफ्नै सन्तानलाई शिक्षा र संस्कार दिन नसकेको रहेछु । छिमेकीहरूको तडकभडकसँग प्रतिस्पर्धा गर्ने होडबाजीले एक्लो सन्तानलाई पुलिस चौकी पठायौं ।' छोराका स-साना कमजोरी र गल्तीहरू विगतदेखि नै ढाकछोप र प्रश्रय दिएका कारण सन्तानले गल्ती महसुस गर्ने कुनै समय नपाएको उनीहरूले अहिले आएर महसुस गरे। 'हामीले बाल्यकालमा भोगेको अभावको छायाँ उसमा पर्न दिएनौं । उसले सानो गल्ती गर्दा श्रीमतीले गाली गर्दा मैले बचाउने, मैले गाली गर्दा श्रीमतीले बचाउँदाको प्रतिफल आज भोग्नुपर्‍यो।' उनीहरू भविष्यमा सन्तानले दुःख पाउँछ कि भनी रातदिन नभनी उसैका लागि सम्पत्ति जोड्न लागिपरेका दिनहरू सम्झन थाले । उनीहरू दुवै व्यस्त भएका कारण छोरालाई सानै उमेरमा होस्टल राखिदिए । मुस्किलले १५ दिनमा आलोपालो भेट्न जान्थे। सुरुका दिनमा अभिभावकको काख छोड्दा ऊ घण्टौं रुन्थ्यो रे ! 'लामो समय होस्टल बसेको हाम्रो सन्तानमा घर फर्केपछि माया, प्रेम र सद्भाव केही पनि थिएन । सानो सानो कुरामा झर्कने, कराउने र झगडा गर्नु सामान्य बन्न थाल्यो' ती बुवा भन्दैथिए, 'जतिबेला उसलाई अभिभावकको माया, प्रेम र सद्भाव चाहिने थियो, उसलाई होस्टलको पिंजडामा थुन्यौं ।' उनीहरू अहिले स्वीकार्दै छन् कि छिमेकमा सम्पन्न, ठूलो र रवाफ देखाउन खोज्दा सन्तानलाई बिगारेछौं । उसलाई सामाजिक प्राणी बनाउन भन्दा पनि हाम्रो इज्जत र प्रतिष्ठा जोगाउने स्वार्थले सन्तानलाई अपराध कर्मतर्फ उद्यत हुन बाध्य बनायौं। उनीहरू हामीले पो अपराध गरिरहेका रहेछौं भन्दै छाती पिट्दै रुन थाले। माथि अभिभावकले भनेको तथ्य आजको हाम्रो वास्तविकता हो । जब बच्चा दुई वर्ष पुग्न थाल्छ, अभिभावकहरू सकेसम्म दिनभरि बच्चा राखिदिने मन्टेसरी खोज्न थाल्छन् । आफूहरू स्वतन्त्र भएर दिनभर काम गर्न चाहन्छन् । पैसा जति महँगो भए पनि अबेरसम्म बच्चा राखिदिने मन्टेसरीमा बच्चालाई भर्ना गर्छन्। परिवारको माया-ममता र पारिवारिक संस्कार सिक्ने समयमा अबोध बच्चा मन्टेसरीमा लग्छौं । बाबु आमाको काखमा खेलेर बस्ने बाल उमेर गह्रुङ्गो झोला बोकाएर ८/८ घण्टा विद्यालयमा थुन्छौं। शिक्षक शिक्षिकाहरू पनि बच्चालाई मानवीय आचरण, माया-ममता सिकाउने भन्दा पनि रटाउने र घोकाउनेमा जोड दिन्छन् । यसको कारण बच्चाको प्राप्ताङ्कले शिक्षक र स्कुलको सफलतालाई नापिन्छ । अर्कोतर्फ जुन विद्यालयमा अंग्रेजी विषयमा पठनपाठन गराइन्छ, त्यही विद्यालय रोजिन्छ। विद्यालयहरूले पनि विदेशी पाठ्यक्रम, पाठ्यपुस्तक र गोरो शिक्षण विधि देखाएर बढीभन्दा बढी विद्यार्थी भर्ना गर्छन् । आज न त पाठ्यक्रम र पाठ्यपुस्तकमा हाम्रो माटो र सामाजिक मूल्यमान्यताका विषयवस्तु समेटिएको छ न त शिक्षकको शिक्षण विधिमा हाम्रोपन । जब घरमा बच्चा आउँछ, अभिभावकहरू कति अंग्रेजी बोल्न जान्यो, कति जोडघटाउ सिक्यो, नयाँ नयाँ र्‍याम्स कति भन्न सक्यो इत्यादि मापन गर्छौं । गृहकार्यमा कति नम्बर ल्यायो हेर्छौं । विषयवस्तु के छ, त्यता ध्यान दिंदैनौं । बच्चा झगडा गरे वा आफू कुनै काममा व्यस्त भए बच्चालाई मोबाइलमा कार्टुन लगाइदिन्छौं । बच्चाको सिर्जनात्मकता कहिल्यै बुझ्ने प्रयास गर्दैनौं । बोझिलो रटाइ र घोकाइ बाध्यता बनाउँछौं । न त स्कुलमा सामाजिक आचरण, मान, सम्मान सिकाइन्छ न त परिवारमा । अर्कोतर्फ आफ्ना सन्तानहरूको कुनै कमजोरीहरू भन्न रुचाउँदैनौं । जमघटहरूमा आफ्नै सन्तानहरूको तारिफ मात्र गर्छौं । जसरी हुन्छ आफ्नो सन्तानको सफलता सुनाउँछौं । बच्चाले आफ्नो कमजोरी थाहा पाउने र सच्चिने कुनै मौका पाउँदैन । परीक्षा होस् वा खेलकुद अभिभावकदेखि स्कुल र शिक्षकहरूको आफ्ना सन्तान र पात्रहरूको सफलता हेर्छौं । जसरी भए पनि आफ्नो सन्तान वा पात्र प्रथम हुनैपर्ने, जित्नै पर्ने दबाब सिर्जना गर्छौं । अरू साथी लडोस्, पल्टोस् कुनै ख्याल नराखी आफ्नो बच्चालाई जित्नका लागि सिकाउँछौं । बच्चाले पनि जबरजस्त आफ्नो क्षमता अनुसार नतिजा निकाल्छ । साथीको दुःख, सुख, अप्ठ्यारो, सहजता कुनै प्रवाह राख्दैन। साथीलाई कुल्चेर, नाघेर जसरी हुन्छ उसले जित्नुपर्छ । परिवारभित्रै सन्तानहरूबीच शैक्षिक उपलब्धिको प्रतिस्पर्धा गराउँछौं। छिमेकमा आ-आफ्ना सन्तानको शैक्षिक उपलब्धि परिवारको मानसँग तुलना गराउँछौं। समाजले पनि बच्चाको प्राप्ताङ्कमा परिवारलाई सम्मान र सद्भाव प्रकट गर्दछ । विद्यालयहरू पनि यही कुरा बुझेर परिवारलाई खुसी पार्न बच्चाको वास्तविक प्राप्ताङ्क भन्दा पनि थपघट गरेर नतिजा प्रकाशन गर्छन् । यसले बच्चाको सिक्नुपर्ने कुराहरू, वास्तविक क्षमता, कमजोरी र सुधारका बाटाहरू ओझेलमा पर्छन् । परिवारदेखि मन्टेसरी हुँदै विश्वविद्यालयसम्मै यही प्रक्रियामा बच्चाले आफूलाई विकास गर्छ । उक्त बच्चा विश्वविद्यालयबाट दीक्षित भएर देशका लागि केही गर्ने समयमा पुग्छ । तब सबै आफ्नै लागि मात्र सोच्न थाल्छ । कसरी म सफल हुने, कसरी मैले मनग्य धनसम्पत्ति कमाउने, कसरी म साथीहरू भन्दा अगाडि हुने इत्यादि सोच्न थाल्छ । आफ्नो सफलतालाई परिवार र समाजको सफलता देख्न थाल्छ। परिवार र सामाजिक उत्तरदायित्व भन्दा पनि व्यक्ति केन्द्रित स्वार्थमा लिप्त हुन्छ । आफ्नो उद्देश्य प्राप्तिको लागि कुनै कसर बाँकी राख्दैन । बच्चाले न त परिवारमा सामाजिक आचरण सिक्न पाउँछ न विद्यालय न त विश्वविद्यालयमा । आज हाम्रो परिवार, समाज, विद्यालय, विश्वविद्यालयहरू अत्यन्तै स्वार्थी, व्यक्ति केन्द्रित र अनुत्तरदायी शैक्षिक जनशक्ति उत्पादन गर्ने कारखाना बनेका छन् । बच्चालाई पारिवारिक मानसम्मान, मर्यादा, सामाजिक मूल्यमान्यता कसले सिकाउने हो ? राज्यले हो, सरकारले हो ? पक्कै हैन। परिवार, समाज, विद्यालय र विश्वविद्यालयले नै हो । तर हामीले बालबालिकाहरूलाई कस्तो शिक्षा, संस्कार र समय दिइरहेका छौं, यस विषयमा कहिल्यै सोचिएन ? उनीहरूलाई पारिवारिक मान-सम्मान, मर्यादा, अभिवादनको तरिका र त्यसको मूल्य मान्यताका बारेमा जानकारी गराएनौं । जसले गर्दा बालबालिकाको मस्तिष्कमा नकारात्मक चित्र उत्रन थाल्छन् र अपराधीकरण बढ्छ । एकल परिवार, पाश्चात्य संस्कार र संस्कृतिको प्रभावमा बालबालिका हुर्किइरहेका छन् । जब उनीहरू जवान भए, त्यसबेला मात्र उनीहरूबाट संस्कारको अपेक्षा गर्न थालियो । बाल मस्तिष्कमा नभरिएका कुराहरू पछि आएर अपेक्षा गर्नुको कुनै अर्थ रहँदैन । यसर्थ जीवनको सार्थकता, सफलता र सम्पत्ति भनेको संस्कार हो। संस्कारले निष्ठावान् र चारित्रिक बनाउँछ । संस्कारिक जीवनशैलीबाट नै मानव चेतनाले आफूलाई सही र आचरणयुक्त कर्म र व्यवहारमा रूपान्तरण गर्ने सामर्थ्य जुटाएको हुन्छ । कर्म र व्यवहारमा परिष्कृत गरी सामाजिक आदर्शको गन्तव्य निर्धारण गरेको हुन्छ । मानव चेतनाले स्वीकार गरेको संस्कृतिबाटै समाज परिष्कृत हुने हो । परिवार नै संस्कारको पहिलो आधार र जननी हो । यसकारण बच्चालाई संस्कार दिने पहिलो कर्तव्य अभिभावक र परिवारको हो । आफ्नो व्यस्ततालाई सहज बनाउन दुई वर्ष नपुग्दै बच्चालाई विद्यालय पठाउने हैन। व्यस्तता घटाएर बच्चा सँगसँगै बस्ने समय मिलाउने हो । बच्चाले सबैभन्दा छिटो बुझ्ने र सिक्ने भनेको आमाबाबुबाटै हो । आमाबाबुले समय दिएको बच्चा संस्कारी र चारित्रिक हुन्छ । अतः सन्तानको लागि सम्पत्ति भनेकै बाल्यकालमा आमाबाबुले दिएको साथ, समय र पारिवारिक संस्कार हो । आजैदेखि गलत अभिभावक हैन, बालबालिकाको साथी बन्न प्रण गरौं ।

**-अनलाइन खबर डटकम**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : निर्णय कार्यान्वयन हुन सक्दैनन् । आत्मबलमा कमी आउने छ । | **तुला** : सुखदुःख बराबरी खालको समय रहनेछ । शुभकार्यको चर्चा चल्नेछ । |
| **वृष** : सजिलै अरूको मन जित्न सकिनेछ। आफन्तको प्रगतिमा मन रमाउनेछ । | **वृश्चिक** : रोकिएका कामहरू पुनः सुरु हुन सक्छन् । कला क्षेत्रमा रुचि बढ्नेछ। |
| **मिथुन** : धार्मिक कार्यमा रुचि बढ्नेछ । अरुलाई प्रभावित पारेर काम बन्नेछ । | **धनु** : जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । सौन्दर्यतामा धन खर्च हुनेछ । |
| **कर्कट** : धार्मिक कृत्यमा सहभागी बन्नु पर्नेछ । श्रमको उचित मूल्यांङ्कन हुनेछ। | **मकर** : कार्य सिद्धिको योग छ।विपरित वर्गबाट विशेष सहयोग मिल्ने छ। |
| **सिंह** : विगतका गलत निर्णयले काममा चुनौती र झमेला आउने देखिन्छ । | **कुम्भ** : कुनै कुराले मनमा शान्ति छाउनेछ । गरेका कामबाट लाभ हुनेछ । |
| **कन्या** : एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । साथीहरु बाट सहयोग मिल्नेछ। | **मीन** : सामाजिक क्षेत्रमा धन खर्च हुनसक्छ । आँटेको कार्य पुरा होला । |

## शिक्षा

# जनक शिक्षाले बेच्यो १९ करोड बराबरका पाठ्यपुस्तक



जनक शिक्षा सामग्री केन्द्र प्रादेशिक कार्यालय जनकपुरधामले विगत एक महिनामा रु १८ करोड ६७ लाख मूल्य बराबरको पाठ्यपुस्तक बिक्री गरेको छ । नयाँ शैक्षिक सत्र तथा विद्यार्थी भर्ना अभियान २०८१ अन्तर्गत सो कार्यालयले उक्त मूल्य बराबरको पाठ्यपुस्तक बिक्री वितरण गरेको हो । गत चैत १३ गतेबाट किताब बिक्री सुरु गरेको सो कार्यालयले हालसम्म १३ लाख ५१ हजार थान पाठ्यपुस्तक बिक्री गरेको हो । कार्यालय प्रमुख रुद्र खनालले नयाँ शैक्षिक सत्र सुरु भएपछि कार्यालयले आफ्ना थोक बिक्रेतालाई सहजरुपमा पाठ्यपुस्तक उपलब्ध गराइरहेको छ ।

कार्यालयले गतवर्ष विद्यार्थी भर्नाका समयमा रु २७ करोड ६० लाख मूल्य बराबरको २१ लाख थान पाठ्यपुस्तक बिक्री वितरण गरेको थियो । अहिले सो कार्यालयमा रु सात करोड १४ लाख मूल्य बराबरको छ लाख २४ हजार थान पुस्तक मौज्दात रहेको उनले जानकारी दिए छ । कार्यालय प्रमुख खनालले यस वर्ष पुस्तकको अभाव नहुने जानकारी दिए । सुरु सुरुमा पहाडी जिल्लालाई प्राथमिकतामा राखेर पुस्तक बिक्री गरिए पनि पछिल्ला समय मधेसका जिल्लामा समयमा पाठ्यपुस्तक बिक्री वितरण गरिएको हो । सो कार्यालयले आफ्ना सूचीकृत भएका ८२ पुस्तक बिक्रेतामार्फत कक्षा ५ देखि कक्षा १२ सम्मका पुस्तक बिक्री वितरण गर्दै आएको छ ।

कार्यालयले ओखलढुङ्गा, खोटाङ, उदयपुर, सिन्धुली तथा मधेस प्रदेशका जिल्लामा पाठ्यपुस्तक बिक्री वितरण गराउँदै आएको जनाएको छ । स्थानीय पालिकाले सो पुस्तकको रकम सम्बन्धित विद्यालयलाई उपलब्ध गराउने तथा विद्यालयले उक्त पुस्तक आफ्ना विद्यार्थीलाई निशुल्क उपलब्ध गराउँदै आएको छ । सरकारले विद्यार्थीलाई निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराए पनि कतिपय विद्यालयले अभिभावकसँग रकम लिएर पुस्तक दिने गरेको गुनासोसमेत उठ्न थालेको जनाइएको छ । कार्यालय प्रमुख खनालले आफू नियमन गर्ने निकाय नभए पनि तोकिएको मूल्यभन्दा बढीमा पाठ्यपुस्तक बिक्री गरेको पाइएमा त्यस्ता बिक्रेतालाई कालोसूचीमा राखी कारबाही गरिने जानकारी दिए । अहिले मधेसका केही जिल्लामा निजी विद्यालयले 'कमिसन'को लोभमा तोकिएको पसलबाट पुस्तक तथा पोसाक खरिद गर्न लगाउने गरेको अभिभावकको गुनासो रहेको पाइएको छ । *-हाम्राकुरा डटकम*

# गर्मीका कारण हलेसी तुवाचुङका विद्यालयमा बिहानी कक्षा




अत्यधिक गर्मी बढेपछि हलेसी तुवाचुङ नगरपालिकाका नौ वटा सामुदायिक विद्यालयमा बिहानी कक्षा सञ्चालन गरिने भएको छ । दिउँसोको गर्मीका कारण विद्यार्थीलाई समस्या भएपछि नगर कार्यपालिकाको बैठकले कोशी किनारमा सञ्चालित नौवटा सामुदायिक विद्यालयमा बिहान ६ बजेदेखि ११ बजेसम्म पठनपाठन गर्ने/गराउने निर्णय गरेको हो । दूधकोशी र सुनकोशी किनारमा पर्ने वडा नं. १, २, ४, ५, ८, ९ र १० को एक/एकवटा तथा वडा नं ११ का दुईवटा विद्यालयको पठनपाठन समय परिवर्तन गरिएको नगरप्रमुख विमला राईले जानकारी दिएका छन् ।

"नौवटा विद्यालय कोशी किनारमा पर्छ । लामो समयको खडेरीका कारण गर्मी बढेसँगै ती विद्यालयहरुमा पठनपाठन प्रभावित भएको थियो", उनले भने, "गर्मीका कारण पठनपाठनमा समस्या भएको खण्डमा अन्य विद्यालयको समय पनि क्रमशः परिवर्तन गरिनेछ । गर्मी प्रभावित क्षेत्रका अन्य विद्यालयको समय परिवर्तन गर्ने अधिकार सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिलाई दिने बिहीबार बसेको नगर कार्यपालिका बैठकबाटै निर्णय गरेका छौं ।" नगर कार्यपालिकाको आकस्मिक बैठकले गरेको निर्णयअनुसार कोशी किनारका नौवटा सामुदायिक विद्यालयमा आइतबारदेखि बिहानको समयमा कक्षा सञ्चालन गरिएको विद्यालय प्रशासनले जनाएको छ । एघार वडा रहेको हलेसी तुवाचुङ नगरपालिकामा ९० वटा समुदायिक र चारवटा संस्थागत विद्यालय सञ्चालनमा छन् । सामुदायिक र संस्थागत गरी ९४ वटा विद्यालय सञ्चालनमा रहेको हलेसी तुवाचुङ नगरपालिकामा छ हजारभन्दा बढी विद्यार्थी अध्ययनरत रहेको नगरपालिकाको शिक्षा शाखाले जनाएको छ । नगरपालिका क्षेत्रभित्र पर्ने कोशी किनारको तापक्रम दिउँसोको समयमा ४० डिग्री सेल्सियसभन्दा बढी हुने गरेको नगरपालिकाले जनाएको छ ।

सुक्खाग्रस्त क्षेत्रमा पर्ने हलेसी तुवाचुङ नगरपालिकामा लामो समयको खडेरीका कारण अधिकांश क्षेत्रमा अहिलेसम्म खेतीपातीसमेत लगाइएको छैन । लेकाली क्षेत्रमा पर्ने अर्खौले, नवलपुर, राजापानीको माथिल्लो भागमा लगाइएको मकै, आलु लगायतका बालीसमेत खडेरीले सुकेको पाइएको छ ।

लामो समयको खडेरीका कारण खेतीपाती गर्न नपाउँदा हलेसी तुवाचुङ नगरपालिकाका अधिकांश ठाउँमा बसोबास गर्दै आएका स्थानीय बासिन्दाहरु चिन्तित बनेका छन् । अकाशे पानीको भरमा खेतीपाती गर्दै आएका स्थानीय बासिन्दाहरु यस वर्ष समयमा पानी नपर्दा अर्को वर्ष भोकमरी हुनेमा चिन्तित बनेका हुन् । जिल्लाको दक्षिणी क्षेत्रमा पर्ने सुक्खाग्रस्त क्षेत्र हलेसीमा तीन वर्षअघि पनि खडेरीले समस्या भएको थियो । तत्कालीन समयमा नगर प्रमुख इवन राईको नेतृत्वमा सञ्चालित नगरपालिकाले नगरवासीलाई राहतसमेत उपलब्ध गराएको थियो । सुक्खाग्रस्त क्षेत्र भएका कारण हिउँदको समयमा खेतीपातीको काम नहुँदा हलेसी नगरपालिकाका अधिकांश युवा ज्यालामजदुरी गर्न अन्यत्र जाने गरेका छन् । वर्षायाम शुरु भएपछि गाउँ फर्किएर खेतीपाती गर्दै आएका उनीहरु यस वर्ष अहिलेसम्म वर्षा नहुँदा आफ्नो गाउँ फर्किएका छैनन् । *-रासस*

# भाइबहिनीहरू, सफलताको भोकमा जिन्दगीको मज्जा लिन नबिर्सनू

**प्रकाश ज्ञवाली**

सिंगो पोखरा नै मलाई मन परेर यसैलाई कर्मभूमि बनाएँ । पोखराको मोहनीमा लठ्ठिएर कति बेला २० वर्ष बितेछ, पत्तै भएन । पोखरामा पनि बगर, नदीपुर, टुँडिखेल, विन्ध्यवासिनीको सेरोफेरो झनै प्यारो । नदीपुर, जहाँ म सुरुमा डेरा लिएर बसेको थिएँ । त्यहाँ एउटा सामान्य चियापसलमा म चिया पिउँदै भविष्यको योजना बुन्थें । गुल्मीबाट पोखराको बाटो समातेर आइपुगे पनि जिन्दगीले सोझो बाटो समातिसकेको थिएन । चौबाटोमा थिएँ म । त्यतिबेला जे सोच्थें, जे योजना बुन्थें, अहिले सम्झँदा पनि मनमनै मुस्कुराउँछु । ती योजना कुनै राजाले कतै आक्रमण गर्न जानुअघिको तयारी जत्तिकै गम्भीर र भव्य लाथ्यो । ती स्मृतिमा पौडिंदा अहिले पनि उही उमेर पुग्छु । मेरा सपना, अठोट, चाहना सबै मेरो उमेर जस्तै नादान थिए । अचेल पनि कहिलेकाहीं विना प्रयोजन म नदीपुरतिर पुग्छु । पुरानो आफूलाई खोज्छु र काहुँडाँडा हेर्दै चिया पिउँछु । त्यहाँ अहिले पनि त्यो बेलाको मेरो उमेरकै पुस्ता जम्मा हुँदोरहेछ, उसैगरी गफिंदो रहेछ । जिन्दगीकै योजना बुन्दोरहेछ । ती स्वाभाविक छलफलमा मैले केही अस्वाभाविक कुराहरू महसुस गरें । साँच्चै अहिलेको पुस्ताले वा अहिलेको जमानाले मान्ने सफलताका सूचकहरू के वास्तवमै हाम्रो जीवनलाई सफल बनाउने कुराहरू हुन् ? फेरि मलाई याद आयो, पोहोर दशैंमा गाउँ जाँदा स्कुलको पुनर्मिलन कार्यक्रममा सफल विद्यार्थी भनेर एकजना सरले नयाँ पुस्ताका विद्यार्थीमाझ मलाई चिनाउनुभयो । तर मलाई त्यो सफल विद्यार्थीको ट्यागले टाउको भारी बनायो ।

खासमा मलाई गुल्मीबाट धेरै पढाउन भनेर पोखरा ल्याइएको थियो । हाम्रो जमानै त्यस्तै पढ्ने र जागिर खाने बाहेक जिन्दगीको अर्को विकल्प कमै देख्थ्यो । मेरो जिन्दगी सफल बनाउन पढाउनै पर्छ भन्ने ध्याउन्नले गाउँबाट विकसित शहर ल्याइएको थियो । पढाइ मेरो आफ्नै व्यक्तिगत रुचि थिएन । अहिले म शैक्षिक क्षेत्रबाट टाढा छु । एउटा व्यवसायमा लागेको छु । पोखरा आइसकेपछि पढाइ सँगसँगै साहित्यको संगत जुर्‍यो । कलेजका किताबभन्दा गजलका किताब धेरै पढ्न थालें । कलेजभन्दा साहित्यिक कार्यक्रममा धेरै हाजिर हुन थालें । सपना देख्न थालें– प्रसिद्ध गजलकार बन्ने । एउटा गजल संग्रह निकाल्न समेत भ्याएँ । त्यसबीचमै व्यवसाय के सुरु भएको थियो, गजलसँगको संगत पातलियो । अनि साहित्यमा रमाउने सपना थाती रह्यो । गाउँको बाटो पिच गर्ने, गाउँमा मक्किएका बिजुलीका काठे पोल फेर्ने, स्कुलमा पुस्तकालय खोल्ने, अक्षय कोष स्थापना गर्ने, गाउँको आमा समूहलाई भाँडाकुँडाको बन्दोबस्त गराउने, मन्दिरको जीर्णोद्धार गर्ने र गाउँको सेवा गर्ने जस्ता थाती रहेका सपना र योजनाको फेहरिस्त लामै छ । आर्थिक रूपमा सबल बन्नु आवश्यक मात्र होइन, अनिवार्य नै हो । जति आदर्शका कुरा गरे पनि जीवन चल्न पैसा नै चाहिन्छ । अहिलेको पुस्ताले यो सत्यलाई बढी नै आत्मसात् गर्न पो थाले कि झैं डर लाग्छ । पाठ्यक्रममा आदर्श व्यक्तित्वको जीवनीमा लक्ष्मीप्रसाद देवकोटा, पिकासो, माइकल फाररे, सत्यमोहन जोशी, स्वामी प्रपन्नाचार्य, जुन्को ताबेईहरूको बारेमा पढे पनि वास्तविक जीवनमा एलन मस्क, जेफ बेजोस, बिल गेट्स, मार्क जुकरबर्ग, मुकेश अम्बानी, ज्याक माहरूलाई अहिलेको पुस्ताले आदर्श मान्दोरहेछ । कर्मलाई पूजा ठानेर काममा दिलोज्यानले लागिपर्नु स्वाभाविक हो । तर धनी बन्नु मात्र स्पष्ट रूपमा सफलताको पहिलो र मुख्य शर्त ठान्नु विवेकपूर्ण होइन । अहिलेका 'मोटिभेसनल स्पिकर' हरूले जुरुक-जुरुक उचाल्ने गरी भाषण दिंदा रहेछन् । पहिला म यस्तो थिएँ, उस्तो थिएँ । संघर्ष गरेर आज मसँग बंगला, गाडी, पैसा छ जस्ता आशयका कुराहरू गर्दारहेछन् । यस्ता अवधारणालाई युवा पुस्ता माझ स्थापित गराइयो भने भोलि कस्तो स्वार्थी, आत्मकेन्द्रित, सुविधाभोगी समाज बन्ला ? विश्व मात्रै होइन नेपालै शिक्षित युगमा प्रवेश गरिसकेको छ । ८० प्रतिशत नेपाली त साक्षरै छन् । यो निकै सुखद् कुरा हो । यति मात्रै होइन प्रविधिको पहुँच र प्रयोगले अहिले त सबका सब टाठाबाठा भइसके जस्तो छ । मेरो छोरीको उमेरमा मलाई थाहा भएका कुरा र अहिले उसलाई थाहा भएका कुराको त कुनै तुलना नै छैन । ज्ञानको स्रोतको दायरा यतिविघ्न फराकिलो भइरहँदा मान्छेहरू कति ज्ञानी बनेका छन् त ? हाम्रो व्यवहार, संस्कार, विचारमा कस्तो प्रभाव परिरहेको छ त ? हाम्रा बच्चाहरू कत्तिको सामाजिक छन् ? हाम्रा युवाहरू समाज, राष्ट्र र परिवारप्रति कति दायित्वबोध गर्छन् त ? हाम्रा बुज्रुकवर्गले कति सम्मान पाइराखेका छन् त ? प्रहरी चौकीमा उजुरी घट्यो कि बढ्यो ? अपराधको दर घट्यो कि बढ्यो ? बोक्सीको अस्तित्व छ कि छैन अझै ? गाडीका झ्यालबाट फोहोर फालिन्छन् कि डस्टबिनमा पुग्छन् ? राज्यले वर्षौं लगानी गरेर पढाएको बच्चा एकचोटि विदेश जान पाए त फर्केर आउँदिनथें भनेर प्रण गर्छ । डिस्टिङ्सन ल्याउनेहरू संख्यात्मक रूपमा सबल र गुणात्मक रूपमा कमजोर छन् । आगलागी हुँदा निभाउने हात होइन भिडियो खिच्ने मोबाइल धेरै तेर्सिन्छन् । सुर्ती खाएर जथाभावी थुक्दै यस्तो फोहोरी देश भन्छन् । शिक्षितको संख्या बढ्नु भनेको सभ्य, विवेकी, सुखी, संस्कारी समाज बन्दै जानु हो । कास्की जिल्लामा मात्र गत दुई महिनामा ४२ जनाले आत्महत्या गरेछन् । खोइ हाम्रो मनको अँध्यारो हटाएको ज्ञानको प्रकाशले ? कहिलेकाहीं त लाग्छ अहिलेका हामी 'एजुकेटेड' होइन कि 'इनफर्म्ड' मात्रै हौं । हरेकका औंलाका टुप्पामा गुगल छ सब जानकार छन् । तर त्यो हामी अर्थात् मानवजातिको उपयोगी चाहिं छैन । सहयोग र सद्भावको परिपाटी घट्दै गएको छ । सबै जना विस्तारै आत्मकेन्द्रित र मतलबी बन्दै जान थालेका छन् ।

सात वेद र पुराण लेखेपछि अन्त्यमा वेदव्यासले 'परोपकाराय, पुण्याय, पापाय, परपीडनम्' भनेर सारांश लेखेका थिए । सबै पुस्तकका ठेली पढेर सम्भव नहुनेलाई उनले यति भावार्थ लेखेर सहज बनाइदिएका थिए । हाम्रो समाजको धार्मिक, सांस्कृतिक जग नै यही हो । हाम्रो जग कमजोर हुँदैछ । सेवा गर्नु, दान गर्नु, सत्य, अहिंसा पालना गर्नु, सबै खाले नयाँ पुराना, स्वदेशी विदेशी धर्महरूले पनि सिकाउने कुरा हुन् । हाम्रो अहिलेको विकास र आधुनिकतामा लम्किँदै गरेको समाज एक-अर्काप्रति कति उत्तरदायी छ त ? भौतिक सुख-सुविधा र धन-सम्पत्तिको लालसा अन्त्यहीन हुन्छ । यो मृगतृष्णाको पछाडि कुद्दा धेरै महत्वपूर्ण कुराहरू छुट्छन् । तर धेरै सुविधाभोगी बन्न सक्नु सफलताको सूचक मान्ने प्रवृत्ति विकसित हुँदै गएको छ । ल्यापटप, स्मार्टफोन, गाडी अब लक्जरी होइनन् दैनिक जीवनका अत्यावश्यकीय साधन भइसके । आफ्नो कामलाई अझै उत्पादनशील बनाउन उपलब्ध अत्याधुनिक प्रविधि प्रयोग गर्नु तर सुविधाको यति धेरै दास पनि नबन्नु कि किड्नी बेचेर आइफोन किन्ने कुरा सुन्नमा आओस् । यस्ता घटना अपवादमा पनि नहोऊन् । मलाई गाउँको स्कुलमा सरले भेटाएका ती विद्यार्थी भाइबैनीहरूलाई भन्न मन छ– मैले पनि धेरै काम गर्ने धोको अधुरै छोडेको छु । मौकाले पोखरा महानगरपालिकाको प्रज्ञा प्रतिष्ठानको सदस्य बनेर प्राज्ञिक क्षेत्रमा केही योगदान गर्ने प्रयास गरें । कला, साहित्य र संस्कृतिको सम्वर्द्धन गर्ने र पुरानो पुस्ताको ज्ञान र सीपलाई नयाँमा हस्तान्तरण गर्ने, लोपोन्मुख संस्कृतिको दस्तावेजीकरण गर्ने सपना पूरा हुन पाएन । मेरो पोखराको बसाइ र जिन्दगीको अहिलेसम्मको सबैभन्दा अमूल्य कमाइ यहाँका साहित्यिक अग्रज सरुभक्त, तीर्थ श्रेष्ठ, दुर्गा बराल 'वात्स्यायन', हरिदेवी कोइराला, पुरुषोत्तम न्यौपानेहरूको प्रिय प्रकाश हुनुलाई मान्छु । त्यसैगरी सामाजिक, व्यावसायिक र राजनीतिक रत्नहरूसँगको सत्संग मेरो अर्को अमूल्य कमाइ हो । साहित्यिक हस्तीहरूसँगको संगतले जिन्दगी जति रसिलो बन्यो, त्यो कुनै दुनियाँको कुनै चिजले मलाई आनन्द दिन सक्दैन । जे-जति छ त्यसमै सन्तोष गर्न सकें । रहरहरूको पछाडि कुद्दा-कुदै सबैसँग टाढिँदै जानुपरेन । यी कुराहरू मेरो स्कुल सरले ती भाइबैनीहरूलाई बुझाए कि बुझाएनन् होला ? नदीपुरको चियापसलका भाइहरूलाई फेरि भेटे भन्न मन छ- सफलता जाँच्ने एउटै कसी हुँदैन । सम्पत्ति थुपार्नु र सुविधाभोग गर्न सक्षम बन्नु मात्र सफल मानव जीवन होइन । प्रिय भाइहरू आफ्नो आदर्श धनी, व्यापारीहरूलाई मात्र होइन कि सन्त, समाजसेवी, क्रान्तिकारी, कलाकार, वैज्ञानिक र आम भुइँमान्छेलाई पनि बनाऊ । तिम्रा काँधमा हाम्रो देशको भविष्य छ । पेरिसमा छुट्टी मनाउने सपना देख्यौ भने त्यो छुट्टी वास्तवमा छुट्टी नै नबन्न सक्छ । चिन्तामुक्त बन्न नपाए त्यो के छुट्टी ?

हामीले पढ्ने कुराहरू परीक्षा उत्तीर्ण गर्न र जागिर पाउन वा पैसा कमाउने अन्तिम लक्ष्यको निम्ति भन्ने बुझियो भने बच्चा तथा युवाहरू कहिल्यै सुखी हुन सक्दैनन् । अहिलेको प्रविधिको प्रयोगले कुनै कुरा बुझाउन सजिलो भएको छ । तर बुझ्नु र त्यसलाई आत्मसात् गर्नु, चिन्तन-मनन गर्नु धेरै फरक कुरा हुन् । इन्टरनेटमा हरेक कुराको उत्तर छन्, उदाहरण छन् । निबन्ध लेख्न सोच-विचारमा घोत्लिनुपर्दैन । अझ च्याट जीपीटीले त सब ट्याक्क पारेर गर्दिन्छ । हामीले पुस्तकालयमा गएर कुनै कुरा खोजेर जिज्ञासा मेटिएको स्वाद अहिलेको पुस्ताले पाउलान् कि नपाउलान् ? हाम्रो युवा अबको अवस्थामा किताबले नै धेरै कुराको अनुभव गराउँथ्यो । कवि माधव घिमिरेको कविताले आँसु खसाउँथ्यो । प्रकट दाइको गजलले काउकुती लगाउँथ्यो । कल्पनाको संसारमा डुलाउँथ्यो । सुम्निमासँगै जंगल घुमाउँथ्यो । चे ग्वेभारासँगै ल्याटिन अमेरिका पुऱ्याउँथ्यो । शहीदका गाथाले रगत उमाल्थ्यो । पात्रहरूसँग सम्बन्ध प्रगाढ बनाउँथ्यो । कहिलेकाहीं आफू महाभारतको अर्जुन जस्तै द्विविधामा भए झैं हुन्थ्यो । फेरि अन्तरात्माको चेतनाले भन्थ्यो, 'पार्थ कर्म गर फलको आश नगर ।' यो सबै अनुभव स्क्रिनमा अधिकांश समय बिताउँदा पक्कै महसुस नहोला । शिक्षा क्षेत्रका विज्ञहरूले पनि पुस्तक अध्ययनबाट प्राप्त हुने र दिमागमा जानकारी रहिरहने कुराको पक्षमा अभिव्यक्ति दिन थालेका छन् । अहिलेको 'फास्ट फुड पुस्ता' लाई यो कुरा 'स्मार्ट' नलाग्ला तर संसारमा जति थरीका सवारी साधन बने पनि साइकलको आफ्नो छुट्टै महत्व छ । ज्ञान प्राप्ति कठिन साधना पछि प्राप्त हुन्छ । नम्बर ल्याउने दौडमा लाग्नेहरू यो अप्ठेरो बाटो रोज्दैनन् । औपचारिक अध्ययन धेरै पहिला बन्द गरे पनि यस क्षेत्रमा जोडिन प्रयास गरिरहें । तर स्नातक पास गरेका भाइबहिनीहरूको एउटा निवेदन लेख्ने ढंग नहुँदा, बीबीएस पास गरेकाहरूमा सामान्य बैंकिङका कुराहरू जानकारी नहुँदा चिन्ता लाग्छ । आफूलाई दैनिक जीवनमा चाहिने, भविष्यमा काम खोज्दा हुनै पर्ने सामान्य सीप पनि नभएका नौजवानहरू भेट्दा साह्रै दुःख लाग्छ । सिकाइ अविराम क्रियाकलाप हो । र शिक्षाह ज्ञान, पाठ्यक्रम वा शिक्षकको मात्र दायित्व होइन । नम्बर, सर्टिफिकेट, दीक्षान्तका टोपी, फलानो शैक्षिक संस्थाको ब्रान्ड सबै अरूका लागि हुन् ।

*-अनलाइन खबर डटकम*

# आगलागी पीडितलाई राहत

तेजेन्द्र कुमार श्रेष्ठ

**गुल्मी,** वैशाख २३/मानव सेवामा सक्रिय रहेको रोटरी क्लव अफ रेसुङ्गा गुल्मीले आगलागी पीडितलाई राहत सामग्री वितरण गरेको छ ।



क्लवले जिल्लाका विभिन्न स्थानमा आगलागीबाट घरगोठ जलेर घरबारविहिन भएका नागरिकलाई आवश्यक राहत सामग्री वितरण गरेको हो । क्लवका पदाधिकारीहरुले आगलागी प्रभावित क्षेत्रमै पुगेर राहत वितरण गरेका छन् । केही दिन अघि इस्माका आगलागी पीडितलाई राहत सामग्री वितरण गरेको क्लवले अहिले गुल्मीदरबार गाउँपालिका-७ का अग्नि पीडितहरुलाई पनि सहयोग गरेको छ । उसले डेढ लाख भन्दा बढीको राहत सामग्री उक्त प्रभावित क्षेत्रका नागरिकलाई प्रदान गरेको हो । क्लबका अध्यक्ष हरिकुमार श्रेष्ठ, गुल्मीदरबार गाउँपालिका उपाध्यक्ष तारा थापा र रोटरीयन पदाधिकारीहरुको सहभागितामा अग्नी पीडित ६ घर परिवारलाई ३१ प्रकारका आपतकालिन राहत सामग्री हस्तान्तरण गरिएको क्लवले जनाएको छ । उसले किट बक्स, चामल, तेल, नुन लगायतका राहत सामग्री दिएको हो । आगलागी पीडितहरुको घाउमा थोरै भए पनि मलम लगाउने काम गरेको क्लवका अध्यक्ष श्रेष्ठले बताए । उनले भने 'हामी मानविय सेवामा लागेका हौं, कुनै पनि नागरिकलाई दुख पर्दा हामीलाई पनि दुख लाग्छ, उहाँहरुको पीडा हाम्रो पनि पीडा हो, त्यसैले यो पीडाको घडीमा पीडितसँगै पीडा साट्न राहत वितरण गरेका हौं ।' क्लवले वितरण गरेको राहत किट बक्स भित्र पानी छान्ने फिल्टरदेखि त्रिपाल, लत्ताकपडा, बालबालिकाहरुका लागि पेन्सिलसम्मका ३१ प्रकारका सामग्रीहरु रहेका छन् । क्लवले त्यहाँका एक अग्नि पीडित परिवारलाई आर्थिक सहयोग समेत गरेको छ ।

अहिलसम्म त्यहाँको आगलागी प्रभावित क्षेत्रमा कोही पनि नपुगेको अवस्थामा पहिलो पटक क्लवले राहत सामग्रीले लिएर पुग्दा पीडितहरु निकै उत्साहित भएका छन् । गुल्मी गुल्मीदरबार गाउँपालिका-७ ढुङ्गेदेउरालीमा खरबारी तथा जंगलमा लागेको आगो बस्तिमा फैलिन जाँदा ६ जनाको घरगोठ जलेर नष्ट हुँदा पशुचौपायाको समेत क्षति भएको थियो । क्लबले यस अघि इस्माको सिदुङ्गा, कोटकटेरी, बुल्मका आगलागी पीडितहरुलाई करिब ४ लाख बराबरको आर्थिक तथा राहत सामग्री सहयोग गरेको थियो ।

क्लबले अग्नि पीडितहरूका लागि राहत सामग्री संकलन अभियान समेत सञ्चालन गरेको छ । मानव सेवामा कल्याणकारी काम गरी समाजलाई मानव मूल्य मान्यता र हेप्पिनेशबाट विश्वसमुदायसँग जोड्ने पवित्र उद्देश्य राखी स्थापना भएको क्लबले जिल्लामा स्थापना भएदेखि मानविय तथा सामाजिक क्षेत्रमा काम गर्दै आइरहेको छ ।

# स्याङ्जामा डढेलोले दुई हजार हेक्टर वन क्षेत्रमा क्षति

**वालिङ (स्याङ्जा),** वैशाख २३/ डढेलोले स्याङ्जामा झण्डै दुई हजार हेक्टर वन क्षेत्रमा क्षति भएको छ । जिल्लाका विभिन्न ११ स्थानीय तहमा रहेका एक सय १३ वनमा आगलागी हुँदा एक हजार आठ सय ६१ हेक्टर क्षेत्रफलमा क्षति भएको डिभिजन वन कार्यालय स्याङ्जाका सूचना अधिकारी अमरबहादुर पराजुलीले जानकारी दिए ।



फागुन महिनाको पहिलो साताबाट सामुदायिक वन र राष्ट्रिय वनमा आगलागी हुँदासल्ला, चिलाउने, कटुस, साल, सिसौंलगायत बोटबिरुवा जलेर नष्ट भएका पराजुलीले बताए । वन विनाशको मुख्य कारण मानिएको डढेलोले वर्सेनी यहाँ लाखौं मूल्य बराबरको क्षति तथा काठ दाउराजस्ता वनजन्य स्रोत जलेर नष्ट हुने गरेका उनको भनाइ छ । 'बहुमुल्य बोटबिरुवा र काठदाउरा मात्रै होइन डढेलोले ठूलो संख्यामा चितुवा, मृग, खरायो, दुम्सीजस्ता वन्यजन्तुको मर्नुका साथै बासस्थानको नास हुने गरेको छ । यसले यहाँको वन क्षेत्रले ठूलो नोक्सानी बेहोर्नुपरेको छ', पराजुलीले भने । वनमा लागेको आगो स्थानीय उपभोक्ता, वन कर्मचारी, नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी तथा दमकलको सहायतामा नियन्त्रणमा लिने गरिएको छ । वनभोज जाने समूहले वनमा खाने कुरा पकाएपछि राम्रोसँग आगो ननिभाई छाड्ने, पाइपमर्मत गर्दा आगोको प्रयोग गर्ने तर ननिभाई छाड्ने, चुरोट तथा बिंडीका ठूटा जथाभावी फाल्ने, वनसँग जोडिएका खेतबारीमा सुकेका पात पतिङ्गर जलाउनेजस्ता कारणले आगलागी घटना बढ्दै भएका छन् । पराजुली भन्छन्,'उपभोक्ताले झाडी सफाइ, कटनीछटनीजस्ता वन व्यवस्थापनका कार्य, वनभित्रका वनपथ तथा अग्निरेखा सुक्खायाम अगावै राम्ररी सफा गर्नसके आगलागी नहुन सघाउ पुग्थ्यो तर त्यस्ता काम हुनसकेका छैनन् । त्यसैले अब भने प्राकृतिक सम्पदाको विनाशलाई रोक्न र कम गर्न सबै सचेत र जागरुक हुन आवश्यक छ ।' वनमा आगो लगाउन वा आगलागी हुनजाने कुनै कार्य गर्नुलाई कसुर मानिएको छ । वनसम्बन्धी कसुर गर्नेलाई वन ऐन २०७६ को दफा ५० ( ४) बमोजिम विगो असुल गर्ने व्यवस्था छ । कसुर गर्नेलाई ६० हजारसम्म जरिवाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था भएकाले कसुर गर्ने व्यक्तिलाई पक्राउ गर्न वा सूचना दिन पनि डिभिजन वन कार्यालय स्याङ्जाले अनुरोध गरेको छ । **-रासस**


## शिक्षक आवश्यकता

**प्रकाशित मिति : २०८१/०१/२३**

प्रस्तुत विषयमा यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८१/०१/१० गतेको बैठकको निर्णय तथा रिब्दीकोट गाउँपालिकाको च.नं. १३९५, मिति २०८१/०१/१८ को सिफारीस पत्र र शिक्षा विकास तथा समन्वय इकाई पाल्पाको च.नं. १३३३, मिति २०८१/०१/२० को अनुमति पत्र अनुसार यस विद्यालयमा प्रा.वि. तह तृतिय श्रेणीको रिक्त दरबन्दी पदपुर्ति गर्नुपर्ने भएकोले तपसिलको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकबाट दरखास्त आह्वान गरिन्छ ।

**तपशिल :**

**विज्ञापन नं.** : ०१/०८०/०८१, **तह** : प्रा.वि. तृतिय, **पद** : शिक्षक,
**नियुक्तिको किसिम** : करार, **पद संख्या** : १ जना, **शैक्षिक योग्यता** : कक्षा १२ उत्तिर्ण
**उमेर** : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
**दरखास्त दिने अन्तिम मिति** : २०८१/०२/०६ गते **सर्म्पक मिति** : २०८१/०२/०७ गते
**आवश्यक कागजातहरु** :शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, अध्यापन अनुमति प्रमाणपत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रतिलिपि र हस्तलिखित निवेदन ।, **तलब स्केल** : नेपाल सरकारले तोके बमोजिम, **दरखास्त दस्तुर** : रु. ५००/-, **परीक्षाको किसिम** : लिखित र अन्तर्वार्ता
**परीक्षा मिति र स्थान** : सम्पर्क मितिमा तोकिनेछ ।
**परीक्षाको दिन सकक्ल प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ ।**
**कम्प्यूटर सम्बन्धि दक्षतालाई बिशेष प्राथमिकता दिईने छ ।**
**नोटः** तोकिएको अवधि भित्र शिक्षक सेवा आयोगको करार सुचिमा सुचिकृत आबेदकको निबेदन आएमा प्राथमिकता दिईने छ । अन्य आवेदकको निबेदन फिर्ता गरिने छ ।
**सम्पर्क मोवाइल नं.** : ९८४७४३६७२८, ९८४५६२८९०१

**श्री चण्डी भवानी प्राथमिक विद्यालय**
रिब्दीकोट गाउँपालिका-६, घोर्लिखरक, पाल्पा


## खेलकुद समाचार

# हालान्डको ४ गोलमा सिटीको सहज जित



**काठमाडौं,** वैशाख २३/एर्लिङ हालान्ड एक्लैले चार गोल गरेपछि म्यानचेष्टर सिटीले प्रिमयर लिगमा वल्भसलाई ५-१ ले सहजै पराजित गरेको छ । हालान्डले प्रिमियर लिगमा पहिलो पटक एकै खेलमा चार गोल गरेका हुन् । शीर्ष स्थानको आर्सनललाई पछ्याइरहेको सिटी लगातार चार प्रिमियर लिग उपाधि जित्ने अभियानमा छ ।

घरेलु मैदान एतिहाड स्टेडियममा भएको खेलमा हालान्डले पहिलो हाफमै ह्याट्रिक गरेका थिए । १२औं मिनेटमा पेनाल्टी गोलबाट सिटीलाई अग्रता दिलाएका हालान्डले ३५औं मिनेटमा दोस्रो र पहिलो हाफको इन्जुरी टाइममा तेस्रो गोल गर्दै ह्याट्रिक पूरा गरे । उनले तेस्रो गोल पनि पेनाल्टीबाटै गरे । यस्तै ५४औं मिनेटमा व्यक्तिगत चौथो गोल गरे । हालान्डलाई नै रिप्लेस गरेका जुलियन अल्भारेजले सिटीका लागि ८५औं मिनेटमा गोल गरे । वल्भसका लागि ह्वाङ ही चानले ५३औं मिनेटमा एक मात्र गोल गरे । जितपछि सिटीको ३५ खेलबाट ८२ अंक जोडेको छ । एक खेल बढी खेलेको आर्सनल ३६ खेलबाट ८३ अंसकिहत शीर्ष स्थानमा छ । प्रिमियर लिगको उपाधि होडमा अब यही दुई क्लब छन् ।


**वर्गिकृत डिस्प्ले**
*१ X ५ साइजमा मात्र*
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचक ओरालो यात्रामा



**पाल्पा,** वैशाख २३/धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आइतबार पनि ओरालो लागेको छ ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक २४ दशमलव ५८ अंकले ओरालो लागेर एक हजार नौ सय ७४ दशमलव ३७ मा सीमित भएको छ । कूल ९७ लाख ६२ हजार आठ सय तीन कित्ता शेयर रु तीन अर्ब ७९ करोड ५७ लाख ४८ हजार दुई सय ९६ मूल्यमा कारोबार भयो । स्टकका अनुसार कारोबारका आधारमा नेपाल फाइनान्स शीर्ष स्थानमा छ । सो कम्पनीको रु १२ करोड ६४ लाख ९९ हजार सात सय ५३ बराबरको कारोबार भयो । यस्तै, डोल्टी पावर नौ दशमलव ५६, साधना लघुवित्त आठ दशमलव ७२, समता घरेलु लघुवित्त आठ दशमलव ७२, कुमारी बैंकको ऋणपत्र चार दशमलव शून्य तीन र नबील ब्यालेन्स फण्ड तेस्रोका लगानीकर्ताले तीन दशमलव ८९ प्रतिशतले कमाएका नेपाल स्टक एक्सचेञ्जले जनाएको छ । पिपल्स पावर नौ दशमलव ९२, सिँगटी हाइड्रोपावर इनर्जी सात दशमलव ५५, हिमालयन डिस्टिलरी छ दशमलव ३३, जानकी फाइनान्स पाँच दशमलव ६९ र बोटलर्स नेपाल तराईका लगानीकर्ताले भने पाँच दशमलव २३ प्रतिशत घाटा बेहोर्नुपरेको छ ।

# राजपत्र प्रकाशनमा...

...प्रशिक्षणको उद्घाटन शत्रमा प्रमुख अतिथि जिल्ला समन्वय समिति पाल्पाका प्रमुख टंकनाथ खनाल र आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव लालबाबु कवारीले स्थानीय तहमा ऐन र कार्यविधि बनाउने र न्यायिक अधिकार भए पनि त्यस अनुसारको कर्मचारी दरबन्दी नभएकाले अप्ठारो परेको बताएका छन् । स्थानीय तहमा कानून अधिकृतको आवश्यकता भएको र स्थानीय तहलाई परेका मुद्दामा प्रतिरक्षाका लागि सयन्त्रको अभाव रहेकाले संघीय र प्रदेशका ऐन संशोधन गरेर भए पनि व्यवस्था गर्नुपर्ने उल्लेख गरेका छन् । कार्यक्रममा जिल्ला समन्वय अधिकारी जनार्दन घिमिरे लगायत कार्यक्रममा सहभागीहरुले स्थानीय तहमा ऐन निर्माण, त्यसको कार्यान्वयन र मुद्दाहरूको प्रतिउत्तर लेख्ने क्रममा भोगेका समस्या र चुनौतीका बारेमा उल्लेख गरेका थिए । उनीहरुले कानूनका बारेमा जानकार वा दक्ष जनशक्ति स्थानीय तहमा नभएकाले अप्ठारो भएको बताएका छन् । जिल्ला समन्वय समिति पाल्पाको समन्वयमा भएको कार्यक्रमको सञ्चालन मन्त्रालयका राम बहादुर गरम्जाले गरेका थिए ।


## 'चट्याङको समयमा सतर्क रहौं।'

**चट्याङबाट बच्ने उपाय :**

- बिजुली चम्केको बेला सतर्क रहने,
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।



नेपाल सरकार
**विज्ञापन बोर्ड**

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई